बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलबारी मोरङ

प्रदेश नं. १

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।०४।३१

यस बेलबारी नगर कार्यपालिकाको कार्यालय अन्तर्गत तोकिएको कार्यालय र तोकिएको समयमा देहाय बमोजिमका पदमा २०७९ पौष मसान्तसम्मको लागि सेवा करारमा नियूक्ति गर्नु पर्ने भएकोले तपशिलको योग्यता पुगेको नेपाली नागरिकहरुबाट बेलबारी नगरपालिकाबाट स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र रितपूर्वकको दरखास्त फराम पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| विज्ञापन नं. | पद/श्रेणी | सेवा/समुह | पद संख्या | न्यूनत शैक्षिक योग्यता | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१/०७९/०८० | ल्याब टेक्निसियन/सहायकस्तर पाचौ | स्वास्थ्य सेवा/ मे.ल्या.टे | २ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब टेक्निसियन बिषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण भएको । | ५००।- | |

**शर्तहरु**

१. दरखास्त दिने स्थानः बेलबारी नगरपालिकाको कार्यालय, बेलबारी मोरङ ।

२. छनौट प्रकृया :

| क्र.स. | छनौट विधि | अंक | कैफियत |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता | ६० | उल्लिखित ८० अंकका आधारमा मूल्याङ्कन गरी माग संख्याको आधारमा समितिले संक्षिप्त सुचि प्रकासन गर्ने |
| २ | सम्बन्धित क्षेत्रको अनुभव | १० | |
| ३ | स्थानियता | १० | |
| | जम्मा | ८० | |
| ४ | प्रयोगात्मक परीक्षा | १० | संक्षिप्त सुचिमा छनौट भएकाहरूका लागि मात्र |
| ४ | अन्तरवार्ता | १० | |

नोट : शैक्षिक योग्यता, कार्यअनुभव, स्थानियता र अन्तर्वारतामा प्रदान गर्न सकिने अधिकतम र न्यूनतम अंक लगायतका छनौट विधि/प्रकृया बेलबारी नगरपालिकाको सेवा करारमा प्राविधिक कर्मचारी व्यबस्थापन सम्बन्धि कार्यविधि २०७९ बमोजिम हुनेछ । उक्त कार्यविधि बेलबारी नगरपालिकाको वेवसाइटबाट हेर्न सकिनेछ । प्रयोगात्मक परीक्षामा प्रदान गरिने अंकभार पदपुर्ती समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

३. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्टसम्म दरखास्त बुझाउन सकिनेछ ।

४. सम्पर्क मितिः २०७९ भाद्र ०८ गते दिनको २ बजे ।

५. स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनु पर्नेछ ।

६. काम गर्नु पर्ने स्थान र समयः कार्यालय अन्तर्गत तोकिएको कार्यालय र तोकिएको जुनसुकै समय ।

७. तलब सुविधाः मासिक रु १८,०००/- (अक्षरेपी अठार हजार रुपैया मात्र) ।

८. दरखास्त फाराम र सूचना यस बेलबारी नगरपालिकाको कार्यालयको बेभसाइट www.belbarimunmorang.gov.np बाट समेत प्राप्त गर्न र हेर्न सकिनेछ ।

गणेशराज कार्की

प्रमुख प्रशासकीय अधिकृत

९. दरखास्त फारम साथ पेश गर्नु पर्ने कागजातहरुः नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, कार्य अनुभवको प्रमाण पत्र, स्वास्थ्य व्यवसायी परिषदमा दर्ताको प्रमाणित प्रतिलिपि र स्थायी बसोबास खुल्ने कागजात । यसरी पेश गरिएका सबै प्रतिलिपिहरुको पछाडि उम्मेदवार स्वंयले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

१०. उमेरको हदः दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

११. विदेशी बोर्डबाट उतीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

१२. दरखास्त दस्तुर बापतको रकम यस बेलबारी नगरपालिकाको कार्यालयमा बुझाई सो को सक्कल रसिद दरखास्त फारम साथ राख्नु पर्नेछ ।

१३. यस सम्बन्धमा थप जानकारीको लागि बेलबारी नगरपालिकाको कार्यालय मोरङमा तथा टेलिफोन नम्बर ०२१–४३४२५९ मा सम्पर्क राख्न सकिनेछ ।

१४. परीक्षा सम्बन्धी कार्यतालीका सम्पर्क मितिको दिन प्रकाशित गरिनेछ ।

१५. माथिल्लो तहको शैक्षिक प्रमाणपत्र पेश गरेमा पेश गरेको माथिल्लो तहको प्राप्ताङ्कलाई आधार मानि मूल्याङ्कन प्रकृयामा समावेश गराईनेछ ।

१६. अन्य विषयहरू बेलबारी नगरपालिकाको सेवा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि २०७९, प्रचलित कानुन र पदपूर्ती समितिको निर्णय अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत